आज मिति २०८२ साल असोज ३१ गते शुक्रबार बिहान ८ बजे यस पञ्चकन्या गाउँपालिका अध्यक्ष श्री तेज बहादुर तामाङ ज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा यस पञ्चकन्या गाउँ कार्यपालिकाको बैठक वसी देहाय अनुसारका प्रस्ताव उपर छलफल गरि निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| क्र.स | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तेज बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री बिमला के.सी. | उपाध्यक्ष | |
| ३ | श्री माहानन्द ढकाल | वडा अध्यक्ष | |
| ४ | श्री रामशरण श्रेष्ठ | वडा अध्यक्ष | |
| ५ | श्री राम बाबु पराजुली | वडा अध्यक्ष | |
| ६ | श्री सञ्च तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री माधव प्रसाद सिटौला | वडा अध्यक्ष | |
| ८ | श्री सुशिला अधिकारी | कार्यपालिका सदस्य | |
| ९ | श्री सुभेक्षा मगराती | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्रावती श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ११ | श्री कमली मिजार | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धि बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री सरोज बि.क | कार्यपालिका सदस्य | |
| १४ | श्री हिराधन राई | सचिव | |

**निर्णय नं. १,**

पञ्चकन्या गाउँपालिकाको नगर प्रहरी कार्यविधि, २०७७ आवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. २,**

आ.व. ०८१/८२ मा भिषण बर्षातको कारणले सबै वडाहरुको सडक/बाटो अत्याधिक क्षतविक्षत भएको, बर्षात सकिने बित्तिकै दशै, तिहार र छठ जस्ता महत्वपूर्ण चाँडपर्वहरु शुरु हुने र उक्त समयमा जनमानसको अत्यधिक आवतजावत हुने भएकोले यथाशिघ्र बाटो मर्मत सम्भार गरी यात्रालाई सहज बनाउनुपर्ने बाध्यताकाबीच खरिदका तोकिएका विधि अपनाई मर्मत कार्य प्रकृया लम्बिन गई मर्मत सम्भार ढिला हुने र जनताले सास्ती भोग्नुपर्ने भएकोले लाभग्राहीहरुलाई नै जिम्मेवारी दिई कार्य गराएमा छिटो र सहज हुने निष्कर्ष सहित उपभोक्ता समिति गठन गरेर सोही समिति मार्फत कार्य गराईएको तर बर्षातमा बाटो माथिबाट पहिरोले पुरेको, तल तिर पहिरो गई भिरालो भएको साथै बाटोमा ठूला ठूला ढुङ्गा मुडाहरु ल्याई थुपार्दा मानिसबाट कार्य गर्न असम्भव देखिएकोले उपभोक्ता समितिलाई प्राविधिकको सिफारिसका आधारमा मेसिन प्रयोग गरी मर्मत सम्भार कार्य गराईएको हो । कानुनतः उपभोक्ता समितिले मेसिन प्रयोग गर्न सामान्यतया नमिल्ने भएपनि तात्कालिक आवश्यकताका आधारमा प्रयोग भएको र कार्य शतप्रतिशत भएको, समितिले कुनैपनि सार्वजनिक सम्पतिको हानी नोक्सानी नहुने गरी कार्य सम्पादन गरेकोले राज्यलाई कुनै नोक्सानी नभएको अनुगमनका प्रतिवेदनहरु र कार्यपालिकाको ठहर भएकोले आगामी दिनमा नियमको पालना गरी त्यस्ता कार्य सम्पादन गरिने प्रतिवद्धता गरी यस पटकलाई उपभोक्ता समितिमार्फत सबै वडामा भएको मर्मत सम्भारको कार्यमा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित अनियमित बेरुजूलाई आवश्यक प्रमाण सहित नियमित गराउन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३,**

स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ ले स्थानीय तहमा अधिकृत स्तर छौटौ तहमा कार्यारत सूचना प्रविधि अधिकृतलाई सातौं तहको अधिकृत स्तरमा सम्झौता गरी कामकाज गराउँन सक्ने व्यवस्था गरेकोले यस पञ्चकन्या गाउँपालिकामा सूचना प्रविधि अधिकृत सुवास वि.क. लाई अधिकृत स्तर सातौमा करार सम्झौता गरी कामकाज गराउँन सहमति प्रदान गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. ४,

सार्वजनिक खरिद ऐन, २०६४ अनुसार गठित जिन्सी निरीक्षण समितिले यस पालिका र अन्तर्गतमा जिन्सीको निरीक्षण गरी प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनि औंल्याएका जिन्सी सामग्रीको प्रचलित कानूनका आधारमा लिलाम बिक्री कार्य अगाडि बढाउँने निर्णय गरियो।

निर्णय नं. ५,

कुण्डला मा.वि. पञ्चकन्या वडा नं. ५ मा रिक्त प्रा.शि. दरवन्दीमा तहाँ विद्यालयमा सुन्दरा आ.वि. पञ्चकन्या वडा नं. ५ स्थित श्री दुप्चेश्वर आ.वि. बाट काज सरुवा भई कार्यरत शिक्षक श्री प्रजुल थापालाई दरवन्दीसहित पदस्थापन गर्ने एवम् सुन्दरा आ.वि. पञ्चकन्या वडा नं. ५ मा रिक्त हुन आउने दरबन्दीलाई हाल विद्यार्थीको संख्याअनुसार शिक्षक अभाव भईरहेको नामरुन आ.वि. पञ्चकन्या वडा नं. ५ मा मिलान गर्ने निर्णय गरियो।

निर्णय नं. ६,

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण कार्यविधि, २०८२ लाई पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ७,

विद्यालय लेखापरीक्षणको शुल्क निर्धारण सम्बन्धी मापदण्ड, २०८१ (पहिलो संशोधन) पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ८,

दुप्चेश्वर आ.वि. पञ्चकन्या वडा नं. ५ मा कार्यरत कार्यालय सहयोगीलाई बच्छला मा.वि. मा दरबन्दी मिलान गरी कामकाज गराउँने निर्णय गरियो।

निर्णय नं. ९,

स्थानीय तहको कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १०,

वडा नं २ अन्तर्गतका देहायका योजनाहरुको देहायअनुसार शिर्षक परिवर्तन साथै एकीकरण गरी आगामी सभाबाट पारीत गर्ने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

Scanned with CamScanner

| क्र.सं. | सुरु शिर्षक | रकम | परिवर्तन पश्चातको शिर्षक | रकम |
|---|---|---|---|---|
| १. | तेक्वान्दो | रु.७५,०००/- | राष्ट्रिय तेक्वान्दो संघलाई खेल सामग्री वितरण | रु.७५,०००/- |
| २. | - रोटेपानी संसारी मोटरबाटो<br>- रोटेपानी संसारी उकालोमा ढलान गर्ने कार्य | रु.१०००००/-<br>रु. ५०,०००/- | रोटेपानी संसारी उकालोमा ढलान गर्ने कार्य | रु.२,५०,०००/- |

निर्णय नं. ११,

गत आ.व. ०८१/८२ मा काभ्रे खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिले काभ्रे खोला झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरेकोमा संघीय शसर्त तर्फको "सुन्तलिटार झोलुङ्गे पुल, काभ्रे खोला झो.पु., राउटार झो.पु., बाङ्गे खोला झो.पु., नयाँ गाँउ तामाङ् टोल झो.पु., मादेव खोला झो.पु. पञ्चकन्या गाउँपालिका, नुवाकोट" शिर्षकमा विनियोजित रकमले रु. ३,३०,५९४/- अपुग भएकोले उक्त बराबरको रकम यस आ.व. को संघीय सशर्त तर्फको 'काभ्रे खोला झो.पु. पञ्चकन्या गाउँपालिका, नुवाकोट' शिर्षकबाट भुक्तानी दिने सर्वसहमतले निर्णय गरियो।

निर्णय नं. १२,

नेपालीहरुको आउँदै गरेको महान चाँड दीपावली र छठजस्ता चाँडहरुको उपलक्ष्यमा सम्पूर्ण पञ्चकन्या गाउँबासी जनप्रतिनिधि, कर्मचारी, शिक्षक, पेशाकर्मी, समाजसेवी, विद्यार्थी लगायत सम्पूर्ण देशबासी दाजुभाई, दिदीबहिनीहरुमा सुस्वास्थ्य, दीर्घाणु एवं उत्तरोत्तर प्रगतिको कामना सहित पञ्चकन्या गाउँपालिक हार्दिक शुभकामना व्यक्त गर्दछ।

निर्णय नं. १३,

यस गाउँपालिकामा र वडा नं. २ को कार्यालय सहयोगी अभावका कारण कार्यालयमा दैनिक कामकाजमा असहजता पैदा भएको र कार्यालय सहयोगीहरुको स्थायी पदपूर्ति नहुने भएको कारण अर्को व्यवस्था नभएसम्म प्रतिस्पर्धाको माध्यमबाट करारमा तत्काललाई २ जना कार्यालय सहयोगी भर्ना गर्न आवश्यक प्रक्रिया अघि बढाउँने निर्णय गरियो।

Scanned with CamScanner